# प्यूठान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान, प्रदेश नं. ५, नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७५/०६/२३)

यस नगरपालिका अन्तरगत वडा नं. ६ र ८ मा कृषि सम्बन्धी काम गर्ने गरी ना.प्रा.स. पदमा देहायको संख्या र योग्यता भएको प्राविधिक कर्मचारी करारमा राख्नु पर्ने भएकोले प्यूठान नगरपालिकामा करारमा प्राविधिक कर्मचारी ब्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ अनुसार योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । कार्य विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवबाइट www.pyuthanmun.gov.np बाट उपलब्ध हुनेछ ।

| पदको नाम | संख्या |
|---|---|
| ना.प्रा.स. | २ (दुई) |

**१. शैक्षिक योग्यता र अनुभव :**

क) नेपाली नागरिक ।

ख) न्यूनतम योग्यता : मान्यता प्राप्त संस्थाबाट एस.एल.सी. उर्त्तीण गरी न्यूनतम १ वर्षे जेटिए ( कृषि विज्ञान ) तालीम प्राप्त वा कृषि विषय लिई टि. एस.एल.सी. उर्त्तीण गरेको ।

ग) अनुभवीलाई प्राथमिकता दिइनेछ ।

घ) १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।

ङ) अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

**२. दरखास्तमा संलग्न गर्नुपर्ने** : उम्मेदवारको ब्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिएका सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नुपर्नेछ ।

**३. तलब, सुविधा** : मासिक रु. २२,१७०।-

**४. दरखास्त दस्तुर** : रु. ५०० ।

**५. सेवा अवधि** : नियुक्ति भएको मितिदेखि २०७६ असार मसान्तसम्म ।

**६. छनौटको किसिम** : सूचीकरण र अन्तवार्ता ।

**७. सूचीकरण र अन्तरवार्ता मिति** : दरखास्त दिने समय सकिएपछि जानकारी गराइनेछ ।

**८. दरखास्त दिने स्थान** : प्यूठान नगर कार्यपालिकाको कार्यालय, बिजुवार, प्यूठान ।